कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
कोशी प्रदेश ,नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७९ /१२/१५**

यस कचनकवल गाउँपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र बनियानीमा संचालनमा रहेको बिमा कार्यक्रम अन्तर्गत फार्मेसी (औषधि विक्री) भाडामा लगाउने कार्य शिलबन्दी दरभाउपत्रको माध्यम बाट सम्पन्न गर्नुपर्ने भएको हुँदा ठेक्का लिन चाहने इच्छुक फर्म / कम्पनीहरुले तपसिल बमोजिमको सेवा शर्तको अधिनमा रही १५दिन भित्र मिति २०७९/१२/२९गते दिनको १२:०० बजे भित्र दरभाउपत्र पेश गर्नुहुन सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(४) तथा सार्वजनिक खरिद नियामावली, २०६४ को नियम (२१) बमोजिम यो सूचना प्रकाशन गरिएको छ | उक्त दिन सार्वजनिक विदा पर्न गएमा बिदा पश्चात कार्यालय खुलेको पहिलो दिन दिनको १२:०० बजे सम्म दरभाउपत्र पेश गर्न सकिने छ |

दरभाउपत्र गाउँपालिकाको वेभसाइट https://kachankawalmun.gov.np वा गाउँपालिकाको राजश्व शाखा मार्फत प्राप्त गर्न सकिने छ र उक्त दरभाउपत्र गाउँपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ एवं हार्ड कपी बुझाउन असहज भए आवश्यक सम्पूर्ण कागजातहरु संलग्न राखी यस कार्यालयको इमेल ठेगाना kachankawala@gmail.com बाट pdf फायल अपलोड गर्न / पठाउन सकिने छ |

**तपसिल :-**

| क्र.स. | दरभाउपत्रको नाम | ठेक्का नं. | न्युनतम कबोल अंक (मू.अ. कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 1. | Operation of Pharmacy at Primary Health Centre Baniyani | NCB/KACHANKAWAL/HI/01-2079/080 | न्युनतम रु. १,००,००० |- मासिक गरि वार्षिक रु. १२,००,००० |- (बाह्र लाख) | |

**नोट :- विस्तृत जानकारी र सर्तहरुको लाथि कचनकवल गाउँपालिकाको वेभसाइट** https://kachankawalmun.gov.np मा हेर्न सकिने छ |

प्रमुख प्रशासकीय अधिकृत

**हिरा कुमारी यादव**
**प्रमुख प्रशासकीय अधिकृत**

कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
कोशीप्रदेश,नेपाल

# ठेक्का सम्बन्धी आवश्यक शर्तहरु :

१. फार्मेसी संचालन गर्ने कोठा गाउँपालिकाले प्राथमिक स्वास्थ्य केन्द्र, बनियानिको हाताभित्र उपलब्ध गराउनेछ।

२. फार्मेसी२४घण्टा(३६५ दिन)संचालन गर्नुपर्नेछ।

३. सम्झौता समयमा ठेक्का रकम एकमुष्ट मू.अ. कर सहित बुझाउनु पर्नेछ। एकमुष्ट बुझाएवापत कुनै छुट मिनाहा दिइने छैन।

४. बिमा बोर्डले निर्धारण गरेको औषधि बाहेकका औषधिको हकमा औषधिमा कायम रहेको अधिकतम खुद्रा मूल्य(MRP) को अनिवार्य रुपमा घटीमा पाँच प्रतिशत छुट दिई विक्री वितरण गर्नुपर्नेछ।

५. फार्मेशी संचालनका लागि आवश्यक लगानी, जनशक्ति, भवनको स्वरुपमा फरक नपर्ने गरी कार्यालयको अनुमति लिई इन्टेरियर व्यवस्थापन सेवा प्रदायकले नै गर्नुपर्नेछ।

६. विद्युत, फोहोरमैला व्यवस्थापन, मर्मत सम्भारको शुल्क सेवा प्रदायकले नै व्यहोर्नुपर्नेछ।

७. सेवाप्रदायक स्वीकृत पश्चात पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारिक इमेलमा पत्र पाठाइएको १५(पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा दरभाउपत्र जमानत वापतको सम्पूर्ण धरौटी रकम जफत गरि दरभाउपत्रदातालाई कालो सूचीमा राख्न सकिनेछ।

८. सेवाप्रदायकले सम्झौता अवधिको विचमा काम छोड्न चाहेमा कम्तिमा तीन महिना अगावै लिखित रुपमा पुर्व जानकारी कार्यालयलाई दिनुपर्नेछ | अन्यथा प्रचलित कानुन बमोजिम हुनेछ।

९. सम्झौताका शर्तहरु बारम्बार उल्लङ्घन गरेमा पहिलो पटक सुझावदिने, दोश्रोपटकलिखितरुपमा स्पष्टीकरण सहित सचेत गराउन सक्ने र तेश्रोपटकमा सोहि प्रक्रिया दोहार्याएमा सम्झौता रद्ध गरि कालो सूचीमा समेत राख्न सकिनेछ।

१०. सम्झौता आवधि बढीमा२वर्षको हुनेछ। ठेक्का व्यवस्थापन हुन नसकेको समयमा तथा अन्य विशेष अवस्थामा गाउँ कार्यपालिको निर्णय बमोजिम म्याद थप हुन सक्नेछ।

११. बुदानं. १०बमोजिम म्याद थप गरिएमा सम्झौता रकम आ.व. २०७९/८०पुरा भईसकेपश्चात क्रमस: दस, पन्ध्र, बिस प्रतिशतले क्रमसः प्रत्येक वर्ष वृद्धि हुनेछ।

१२. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन। एक फर्म वा संस्थाले गाउँपालिका संग सम्झौता गरि अर्को फर्म/ व्यवसायलाई सेवा उपलव्ध गराउने गरि विक्री वितरण गर्न पाइनेछैन।

१३. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यसकचनकवल गाउँपालिकामा निहित रहनेछ।

१४. दरभाउपत्रदाता तथा गाउँपालिकाको विचमा कुनै किसिमको मतभिन्नता/ विवाद उत्पन्न भएमा गाउँ कार्यपालिकाको

हिरा कुमारी ...
प्रमुख प्रशासकीय अधि...

निर्णयलाई अन्तिम मानिनेछ|

१५.स्वास्थ्य विमा गरिएका विरामीहरुका लागि बिमा बोर्डले निर्धारण गरेका मुल्यमा तोकिएको औषधिहरु अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ|

१६.औषधीको क्लेम इन्ट्री(Claim Entry) सेवाप्रदायक आफैले गर्नुपर्नेछ|

१७. ठेक्का अवधि ठेक्का स्वीकृत भएको दिनदेखि२०८१असार मसान्त सम्मको लागि मात्र हुनेछ|

१८.बिमाका बिरामीहरुलाई उपलब्ध गराएको औषधीहरुको सोधभर्ना बिमा बोर्डले रकम उपलब्ध गराए बमोजिम हुनेछ|

१९.बिमा सुविधा अन्तर्गत नपर्ने औषधिको सोधभर्ना गरिने छैन|

२०.फार्मेशी (औषधी बिक्रि कक्ष) संचालनका लागि आवश्यक लगानी, जनशक्ति संचालक स्वयम्ले व्यवस्था गर्नुपर्नेछ|

२१.दरभाउपत्र स्वीकृत वा खारेज गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित हुनेछ|

२२.नगद जमानत वापतको रकम कबोल गरेको अंकको ५प्रतिशत रकम कचनकवल गाउँपालिकाको धरौटी खातानं. 67CA051019752404मा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नुपर्नेछ वा ठेक्का खोल्ने दिनदेखि७५दिनसम्मको मान्य अवधिको नेपालराष्ट्र बैंकबाट"क' वर्गको मान्यताप्राप्त बैंक वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारि भएको कार्य प्रयोजन एवं ठेक्का नं. अनिवार्य रुपमा उल्लेख गरिएको बैंक जमानत पेश गर्नुपर्दछ| साथै दरभाउपत्र फारम खरिदको लागि कचनकवल गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०६७२०५००२९१३६००२मा नगद रु. १,०००|- (एक हजार मात्र) जम्मा गरि सोको सक्कल भौचर पेश गर्नुपर्दछ|

२३.बन्द हड्ताल तथा प्राकृतिक प्रकोप वा महामारीको कारण कुनै कर छुट वा मिनाहा दिइने छैन|

२४.कुनै सूचना सहितको दरभाउपत्र स्वीकृत/ मान्य हुनेछैन|

२५.यो सूचना बमोजिम दाखिला भएका कुनै वा सबै दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ|

२६.प्राप्तभएका दरभाउपत्रहरु १६औ दिन दिनको२:००बजे कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहोबरमा यस कार्यालयमा खोलिनेछ| दरभाउपत्र दाता तथा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन|

२७.माथि उल्लेखित शर्तहरुको थप प्रष्टीकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता बमोजिम हुनेछ| थप जानकारीका लागि९८५२६५५२१०मा सम्पर्क गर्न सकिनेछ|

पेशगर्नुपर्नेकागजातहरु:-

- **दरभाउपत्रदाताले दरभाउपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपि |**
- **बैंक ग्यारेन्टी / विड बंडको प्रति |**
- **फर्म वा कम्पनी नवीकरण दर्ताको प्रमाणपत्रको प्रतिलिपि |**
- **नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि |**

२०८०।११।१५

हिरा कुमारी याद...
प्रमुख प्रशासकीय अधि...

- स्थायी लेखा दर्ता (मू.अ.कर) प्रमाणपत्रको प्रतिलिपि।
- आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रति।
- स्व: घोषणा पत्र।
- डिप्लोमा इन फार्मेसी गरेका ३ जना व्यक्तिहरुको शैक्षिक योग्यता प्रमाणपत्रको प्रति।
- NHPC वा DDA को प्रमाण पत्रको प्रति।
- अन्य आवश्यक सम्पूर्ण कागजात पेश गर्नुपर्नेछ।

हिरा कुमारी
प्रमुख प्रशासकीय

विवरणपेशगर्नेफर्म/ कम्पनी/ सप्लायर्सकोनाम, ठेगाना:-

| सि. नं. | विवरण | ठेक्कानं. | कबोलगरेकोरकम | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| १ | **Operation of Pharmacy at Primary Health Centre Baniyani** | NCB/KACHANKAWAL/HI/01-2079/080 | | | |

संस्थाकोछाप:-

दस्तखत:-

<u>संलग्नकागजातहरु:-</u>

१.

२.

३.

४.

५.

हिरा कुमारी
प्रमुख प्रशासकीय